नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
प्रधान कार्यालय
समाचार बुलेटिन

फोन नं. : ०१-५२४९००६

मिति :- २०७८ । ०२ । २५ गते ।

**श्रीमान् सम्पादकज्यू,**
**राजधानी दैनिक ।**

**विषय :- खण्डन प्रकाशित गरिदिनु हुन ।**

तपाईको सम्पादकत्वमा रहेको राजधानी दैनिकमा मिति २०७८/०२/२५ गते "सशस्त्र प्रहरीमा 'व्यापक अनियमितता' को आशंका" शिर्षकमा प्रकाशित समाचार प्रति सशस्त्र प्रहरी बल नेपालको गम्भिर रुपमा ध्यानाकर्षण भएको छ ।

उक्त समाचारमा बजेट टुक्राएर आफुखुसी खरिद, नक्कली श्रेस्ता बनाई तीन करोड खर्च, सार्वजनिक खरिद र नियमावली वेवास्ता, ४० करोडको पोशाक खरिदमा मिलेमतो जस्ता काल्पनिक कुराहरु प्रकाशित भएको हुँदा सोको खण्डन गरिएको छ । सशस्त्र प्रहरी बल नेपालले उक्त समाचारमा उल्लेख गरिए बमोजिम प्रचलित नियम कानुन विपरित कुनै पनि प्रकारले कार्य नगरेको व्यहोरा स्पष्ट पारिएको छ ।

संगठनमा विभिन्न शिर्षकमा खर्च गर्ने गरी बजेट विनियोजन भएको हुन्छ भने संगठनले नियम संगत ढंगले सो बजेटको खर्च गर्ने गर्दछ । समाचारमा उल्लेख गरिएको सामान खरिद प्रक्रिया, मर्मत सम्भार, फर्जि बिल, भत्ता वितरण, ईन्धन पोशाक खरिद लगायतमा व्यापक अनियमितता भएको भन्ने कुरा पुर्ण रुपमा गलत हो । संगठनले यी र यस्ता कार्यहरु नियम संगत ढंगले गर्ने गरेको तथा कुनै अनियमितता नभएको कुरा स्पष्ट पारिएको छ ।

सशस्त्र प्रहरी बल नेपालले गर्ने खरिद प्रक्रियामा कतिपय खरिद प्रक्रिया केन्द्रबाट हुने तथा कतिपय खरिद प्रक्रिया मातहत सशस्त्र प्रहरी ईकाईबाट हुने कानुनी व्यवस्था रहेको छ । संगठनले सोही व्यवस्था बमोजिम विभिन्न शिर्षकका खरिद कार्य गर्ने गरेको छ । यसमा कुनै अनियमितता भएको छैन । मातहत सशस्त्र प्रहरी ईकाईले गर्ने खरिद प्रक्रियामा बजेट निकासी कार्य हुँदा सोझै 'एलएमबिआईएस'को माध्यमबाट सम्बन्धित ईकाईमै बजेट निकासा हुने गरेको छ । 'सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट ठेकेदार संगको मिलेमतोमा मातहत कार्यालय मार्फत नै भुक्तानी गरी अनियमितता गरेको' भनि समाचारमा उल्लेखित बिवरण समेत पुर्ण रुपमा झुट्टा हो । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले तथा मातहत ईकाईबाट समेत अनियमित कार्य हुन नपाओस भनि यथेष्ठ रुपमा अनुगमन तथा प्रयासहरु गरिरहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिएको छ । संगठनले सामान खरिद प्रक्रियामा गुणस्तरमा कुनै सम्झौता नगर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

संगठनले फर्जि बिल बनाई अनियमितता गरेको भन्ने कुरा पुर्णतया गलत हो । साथै भण्डारमा मौज्जाद रहेको पाललाई महामारीको बेला प्रयोग गरेर त्यसको पनि बिल भरपाई बनाएर आर्थिक अनियमितता गरेको भन्ने काल्पनिक समाचारले भ्रम सिर्जना गर्ने हुँदा सो समाचारमा सत्यता नरहेको कुरा जानकारी गराईन्छ । फर्जि ढंगले भ्रमणभत्ता स्वीकृत गरिएको, नक्कली कागजात बनाएर रकमान्तर मार्फत अनियमितता गरेको, नक्कली श्रेस्ता तयार गरी आर्थिक अनियमितता गरेको जस्ता भ्रम्रपुर्ण कुराहरु समावेश गरी प्रकाशित उक्त समाचार पुर्णतया गलत रहेको छ ।

साथै सो समाचारमा गुल्मको नाम नै उल्लेख गरी ती गुल्महरुमा रकम बिनियोजन गरी केन्द्रबाट फर्जि कागजात र बिल भरपाई बनाउन लगाई अनियमितता भएको भनि प्रकाशित समाचारमा उल्लेख गरिएको छ । उक्त समाचार पुर्ण रुपमा झुट्टा हो । समाचारमा उल्लेख भएको नं. १४ गुल्म, नं. ३८ गुल्म, नं.४८ गुल्म लगायतका गुल्महरु सशस्त्र प्रहरी बलमा नरहेको व्यहोरा जानकारी गराउदै संगठनमा नै नभएको गुल्मको नाममा रकम बिनियोजन हुने भन्ने कुरा पुर्ण रुपमा काल्पनिक रहेको छ ।

उजुरी परेको तथा स्रोतले जानकारी दिएको भन्दै प्रकाशित उक्त समाचार वास्तविक तथ्य भन्दा बाहिर गई प्रकाशित भएको तथा उक्त प्रकाशित समाचारमा समाचार पुष्टि गराउने तर्फ कुनै ध्यान नदिई प्रकाशित भएको हुदाँ सो समाचारको खण्डन गरिएको छ ।

राज्यले सुम्पिएको दायित्व निर्वाहमा व्यवसायिक कुशलतापुर्वक जिम्मेवारी निर्वाह गरिरहेको यस संगठनका बारेमा तथ्य भन्दा बाहिर गई प्रकाशित भएको उक्त समाचारले पाठक वर्गमा भ्रम सिर्जना गर्ने हुदा सो समाचारको खण्डन प्रकाशित गरिदिनु हुन हार्दिक अनुरोध गरिएको छ ।

(राजु अर्याल)
सशस्त्र प्रहरी नायव महानिरीक्षक